नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# नेपाल स्काउट

राष्ट्रिय प्रधान कार्यालय

पत्र संख्या: ०७८।०७९
चलानी नं.: २८

मिति: २०७८।०४।२५

**अन्तर्राष्ट्रिय युवा दिवस २०२१ भव्यतापूर्वक मनाउने सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा यसवर्षको अन्तर्राष्ट्रिय युवा दिवस "खाद्य प्रणालीमा रुपान्तरणः मानव र भुमण्डलीय स्वास्थ्यका लागि युवा नवप्रवर्तन (**Transforming Food Systems: Youth Innovation for Human and Planetary Health**) भन्ने मूल नाराका साथ मिति २०७८।०४।२८ गते (२०२१ अगस्त १२ तारिख) मनाउने सन्दर्भमा प्रदेश र स्थानीय तहमा तपसिल बमोजिमका कार्यक्रमहरुको आयोजना गरी मनाउनुहुन अनुरोध गरिन्छ । साथै, विद्यमान कोभिड१९ को महामारीको बिषम परिस्थितिलाई मध्यनजर गरी आवश्यक सुरक्षा सर्तकता अपनाउन र स्वास्थ्य सुरक्षाका सम्पूर्ण मापदण्डहरुको पूर्ण परिपालना गर्न समेत अनुरोध गरिन्छ ।

प्रदेश तथा स्थानीय तहमा गर्न निम्न शीर्षक तथा विषयहरुमा अन्तरक्रिया कार्यक्रम, निबन्ध, कथा, कविता लेखन आदि प्रतियोगिता वा स्काउट सम्बद्ध अन्य कार्यक्रम संचालन गर्न सकिनेछ ।

१) स्थानीय उत्पादन र खाद्य प्रणाली रुपान्तरणमा स्काउटिंग र स्काउटको भूमिका
२) विपद् व्यवस्थापन कार्यमा स्काउट
३) युवा स्वास्थ्य र सामाजिक सुरक्षा
४) नेपाल स्काउट र युवा उद्यमशीलता
५) बालिका तथा किशोरीको स्वास्थ्य र संरक्षणः स्काउटको भूमिका
६) प्रदेश वा स्थानीय तहमा सरसफाई कार्यक्रम
७) बृक्षारोपण कार्यक्रम

**नोटः** माथि उल्लेखित कार्यक्रम बाहेक अन्य मौलिक र रचनात्मक कार्यक्रमहरु स्थानीय स्तरमा Virtual Platform को उपयोग गरी गर्न सकिनेछ । कार्यक्रम पश्चात कार्यक्रमको प्रतिबेदन नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको ईमेल ठेगाना info@nepalscouts.org र ravi@nepalscouts.org मा पठाउन हुन समेत अनुरोध गरिन्छ ।

थप जानकारीको लागिः
श्री रवि भित्रकोटी, श्रोत तथा परियोजना अधिकृत
९८५१०७५९१८, ravi@nepalscouts.org

रामप्रसाद भट्टराई
निर्देशक